नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
# नुवाकोट

फोन: ०१०-५६००३३
०१०-५६०३३३
फ्याक्स -०१०५६०२६६
ईमेल:nuwakotcdo@gmail.com

पत्र संख्या : २०७६/०७७
चलानी नम्बर :

मिति :- २०७७/०१/२५

## आदेश जारी गरिएको बारे ।

विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि संक्रामक रोग ऐन २०२० को दफा २ बमोजिम मिति २०७७ बैशाख २५ गते सम्मको लागि जारी गरिएको बन्दाबन्दीको आदेश मिति २०७७ जेष्ठ ५ गते मध्य रात सम्मको लागि निरन्तरता दिने गरी मिति २०७७/०१/२४ गतेको नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकबाट निर्णय भएको हुँदा सो निर्णयको कार्यान्वयनको लागि मिति २०७७/०२/५ गते सोमबार मध्य रात सम्मको लागि उक्त ऐनको दफा २(२) र स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(३) बमोजिम यस नुवाकोट जिल्लाभरी लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ । सबै जिल्लाबासीहरुले अत्यन्त संवेदनशील भई उच्च प्राथमिकताका साथ यो आदेशको पूर्ण पालना गर्नु गराउनुहुन हार्दिक अनुरोध गरिन्छ । यो आदेशको पालना नगर्ने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० को दफा ३(१) बमोजिम १ महिना सम्म कैद वा उक्त ऐनको दफा ३(२) बमोजिम ६ महिना सम्म कैद सजाय हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

१. औषधी उपचार, खाद्य वस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने । साथै कुनैपनि प्रकारको पैदल यात्रा नगर्ने । जो जहाँ रहेको छ त्यही स्थानमा रहने ।
२. कोभिड-१९ रोग फैलिएको देशबाट आएका वा सो देशबाट ट्रान्जिट भई आएका व्यक्तिहरु तथा कोरोना संक्रमित संग कुनै प्रकारले सम्पर्कमा आएका व्यक्तिहरु जोखिम भएका व्यक्तिहरु मानिने भएकाले त्यस्ता व्यक्तिहरु अनिवार्य रुपमा घरमा नै वा स्थानीय पालिकाले व्यवस्था गरेको एकान्तबास गृह (Quarantine Home) मा २१ दिन सम्म एकान्तबासमा रहनु/बस्नु हुन । मापदण्ड बमोजिम एकान्तबासमा नबसेका कारणले अन्य व्यक्तिहरुलाई संक्रमण हुन गएमा कानून बमोजिम कडा कारवाही हुने ।
३. अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रुबाहक सवारी साधन सञ्चालन नगर्ने ।
४. औषधि, औषधिजन्य लगायत अत्यावश्यक दैनिक उपभोग्य सामग्रीहरुको मूल्य बृद्धि नगर्ने तथा त्यस्ता वस्तुहरुको अनावश्यक भण्डारण गरी कृत्रिम अभाव सृजना नगर्ने ।
५. कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी उच्च स्तरीय समितिको मिति २०७६/१२/२० गतेको निर्णयबाट तोकिएका स्वास्थ्य सुरक्षा सम्बन्धी प्रावधानहरु पूर्ण रुपमा पालना गरी राष्ट्रिय गौरवका आयोजना लगायत जिल्ला भित्र रहेका मजदुरहरु प्रयोग गरि काम गर्न सकिने अन्य अत्यावश्यक विकास निर्माणका आयोजनाहरु, उद्योगधन्दा, दैनिक उपभोगका खाद्यवस्तु उत्पादन गर्ने उद्योग, पशुपन्छीका दाना उत्पादन गर्ने उद्योग तथा इटा भट्टाहरु संचालन गर्न अवरोध नगर्ने ।
६. मन्दिर, गुम्बा, चैत्य, विहार, मस्जिद, चर्च आदिमा सामूहिक भेला हुन नहुने, सामूहिक रूपमा आश्रय लिई नबस्ने ।
७. तरकारी, फलफूल, खाद्यवस्तु, खानेपानी, दूध, औषधि विक्री वितरणका कार्यहरुलाई स्वास्थ्य सुरक्षाका आवश्यक प्रबन्धहरु गरी न्यूनतम भौतिक दुरी कायम गरी सेवा प्रवाह गर्न अवरोध नगर्ने ।
८. आफ्नो क्षेत्र भित्र औषधिको आपूर्ति लगायत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि सम्बन्धित स्थानीय तहसंग सम्पर्क तथा समन्वय गर्ने ।

२०७७।०१।२५

(द्रोण पोखरेल)
प्रमुख जिल्ला अधिकारी